स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यतिबेला चर्चित गायिका एलिना चौहानले श्रीमानसँग डिभोर्सका लागि अदालतमा मुद्धा दायर गरेको विषय चर्चामा रहँदा अभिनेत्री अरुणिमा लम्सालको पनि घरबार बिग्रिएको खबरले फिल्मवृत गर्माएको छ। त्यसको मुख्य कारण हो, उनले श्रीमान् र विवाहका सम्पूर्ण तस्वीर सामाजिक सञ्जालबाट हटाउनु। गत भदौ ३ गते सुनसरी निवासी युवराज श्रेष्ठसँग उनले लगनगाँठो कसेकी थिइन् ।

**आजको विचार...**



रामचन्द्र उप्रेती

विकासको... *(दुई पेजमा)*

यतिबेला चर्चित गायिका एलिना चौहानले५ वर्षपछिको कमब्याक फिल्म 'एक्टर: टेक वन' यतिबेला हलमा प्रदर्शन भइरहँदा अभिनेत्री आना शर्माले नयाँ फिल्मको छायांकन सुरु गरेकी छन् । आइतबार सामाजिक सञ्जालमार्फत उनले यसबारेमा जानकारी गराएकी हुन्। एक तस्वीरसहित 'नयाँ सुरुवात' भन्दै उनले लेखेकी छन्, 'यो यात्रा र अगाडिका सबै चिजको लागि उत्साहित छु।' उनले फिल्मको नाम भने खुलाएकी छैनन् ।



❒ वर्ष ३० ❒ अंक १९१ ❒ २०८१ माघ २१ गते सोमबार 3 February 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### गुल्मीमा ट्र्याक्टर दुर्घटनामा एकको मृत्यु




**गुल्मी,** माघ २०/कालीगण्डकी गाउँपालिका-२ अर्बेनीबाट बिसौनातर्फ गइरहेको ट्र्याक्टर आइतबार विहान अनियन्त्रित भई सडकबाट अन्दाजी ५०-६० मिटर तल खस्दा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा लु ३ त ५११२ नंको ट्र्याक्टरका सहचालक कालीगण्डकी -२ अर्बेनीका ५५ वर्षीय देवबहादुर विक रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुर्घटनामा घाइते भएका विकको उपचारका क्रममा गल्याङ् नगर अस्पताल स्याङ्जामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक राजन भुजेलले जानकारी दिए । दुर्घटनापछि चालक फरार रहेको र उनको खोजी भइरहेको प्रहरीले जनाएको छ । *-रासस*

# आज सरस्वती पूजा : बालबालिकाले 'क', 'ख' लेख्न सिक्दै

**सीमा भट्टराई**

**पाल्पा,** माघ २०/प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन मनाइने श्रीपञ्चमी विद्याकी देवी सरस्वतीको पूजा आराधना गरी आज सरस्वती पूजा गरिदै छ । श्रीपञ्चमीको दिन सरस्वतीको पूजा गरे विद्या बढ्ने र विद्यार्थी मेधावी बन्ने विश्वास छ । तसर्थ आजको दिन खासरी विद्यार्थीहरुले विशेष पूजापाठ गर्ने गर्दछन् । घर, विद्यालय र मन्दिरमा पूजा आराधाना गरिन्छ ।

विद्यालय जाने उमेर पुग्न थालेका बालबालिकालाई आजकै दिन अक्षर चिन्न र अक्षर लेख्न सिकाउने पनि गरिन्छ । सरस्वती पूजाको दिन शिक्षा आरम्भ गरे बालबालिका पढ्नमा तिक्ष्ण हुने विश्वास छ । विशेष गरी आजको दिन स-साना बालबालिकाहरुले पहिदो पटक 'क', 'ख' लेख्न सिक्दै छन् । सरस्वती मन्दिर वा विद्यालयमा गएर बालबालिकाहरुले पूजा आराधानसँगै कखरा र एबीसीडी लेख्न सिक्ने गर्दछन् । सरस्वती पूजाका दिन पाल्पाका अधिकांस विद्यालयहरुले नयाँ



बालबालिकाहरुलाई विद्यालयमा उपस्थित गराई पूजासँगै लेख्न सिकाउँदैछन् । ऋतुहरूको राजा वसन्तको सुरुवात हुने दिन भएकाले आजको दिनलाई वसन्त पञ्चमी पनि भनिन्छ । संगीत, कला, साहित्य र विद्याकी खानी सरस्वतीको आज विधिपूर्वक पूजा आराधना गरी स्तोत्र पाठ गरेमा पढ्न आउँछ भन्ने धार्मिक विश्वास छ । सरस्वतीलाई महाविद्या, महावाणी, भारती, वाक्, शारदा, आर्या, ब्राह्मी, कामधेनु, वेदगर्भा, धीश्वरी नामले समेत सम्बोधन गरिन्छ । श्वेत वस्त्र धारण गरेकी, गोरो वर्णकी, सदा मुस्कुराइरहेकी, सर्वोत्तम रत्नद्वारा निर्मित आभूषणले सुशोभित भएकी, चतुर्भुजा भएकी जसमध्ये पहिलो हातमा वीणा, दोस्रोमा पुस्तक, तेस्रोमा स्फटिकको माला र चौथो हात अभय मुद्रामा रहेकी राजहंसमा सवार भएकी देवी सरस्वती हुन् भनी शास्त्रमा उल्लेख गरिएको छ । विशेषगरी शैक्षिक संस्थामा विद्यार्थीले महत्वका साथ यो पर्व मनाउँछन् । बौद्ध धर्मावलम्बीले पनि सरस्वतीलाई बोधिसत्व मञ्जुश्रीका रुपमा ज्ञानको प्रतीक मानेर पूजाआजा गर्छन् । यस दिन बिहानै भक्तिपूर्वक कलश स्थापना गरी पञ्चोपचारले गणेश, सूर्य, अग्नि, विष्णु, शिव आदि देवताको पूजा गरी सरस्वतीको पूजा गरिन्छ ।

सरस्वतीलाई नैवेद्यका रुपमा नौनी, दही, दूध, धानको लावा, तिलको लड्डु, नरिवलको जल, मूला, बयर, बेल, अदुवा अर्पण गरिन्छ । सरस्वतीलाई सेतो रङ्ग, फूल, चन्दन, शङ्ख आदि प्रिय लाग्ने भएकाले आजका दिन पूजामा यी सामग्री चढाउने गरिन्छ । सरस्वतीको पूजा गरे पठनसिद्धि हुने मान्यता रहँदै आएको छ । तर जानकारहरु भने सरस्वती पूजा गरेकै आधारमा सरर पढ्न आउने नभइ सरस्वती पूजाको दिनबाट पढाइ लगावप्रति संकल्प गर्नुपर्ने बताउँछन् ।

# 'पार्टीको विधान विपरित बोल्ने छुट छैन'



**हाम्रा संवाददाता**

**गुल्मी,** माघ २०/नेपाली काँग्रेसका पूर्वकेन्द्रीय सदस्य तथा प्रखरवक्ता गुरुराज घिमिरेले पार्टीको विधान विपरित बोल्ने छुट कसैलाई पनि नभएको बताएका छन् । नेपाली काँग्रेस रुरुक्षेत्र गाउँपालिका गुल्मीको दोस्रो सम्मेलनलाई सम्वोधन गर्दै नेता घिमिरेले पार्टी भित्र रहेर विधान विपरित बोल्ने छुट कसैलाई पनि नभएको बताएका हुन् ।

उनले पार्टीका नेताहरुप्रति लक्षित गर्दै काँग्रेसको १५ औं महाधिवेशन २०८४ मा गर्नुपर्छ भन्ने अभिव्यक्ति दिनु विधी र पार्टीको विधान विपरित भएको बताए । केही दिन यता केन्द्रका केही नेताहरुले काँग्रेसको १५ औं महाधिवेशन २०८४ मा गर्नुपर्छ भन्ने अभिव्यक्ति दिएको प्रति लक्षित गर्दै नेता घिमिरेले त्यस्ता अभिव्यक्ति पार्टीको विधान विपरित रहेको स्पष्ट पारे । विगतमा भएका हरेक राजनैतिक परिवर्तनमा नेपाली जनताको साथ लिएर काँग्रेस सफल भएको प्रसंग औल्याउँदै उनले काँग्रेसलाई सुधारेर अगाडि बढ्नका लागि कतिपय नेताहरुले आफ्नो दम्भ त्यागनुपर्ने बेला आएको बताए । नेता घिमिरेले पार्टी महाधिवेशनको मिति स्वघोषणा गर्ने अधिकार उहाँलाई कसले दियो भन्ने प्रतिप्रश्न गर्ने बेला आएको उल्लेख गरे । **-बाँकी अन्तिम पेजमा...**

## माझी समुदायमा प्रेस युनियनको अन्तर्क्रिया

# माझीका वर्षौंदेखिका समस्या उजागर गरिदिन आग्रह

**पाल्पा,** माघ २०/नेपाल प्रेस युनियन पाल्पा शाखाले माझी समुदायमा पुगेर अन्तरर्क्रिया कार्यक्रम गरेको छ । युनियनले तानसेन नगरपालिका- १३ छेर्लुङस्थित माझी समुदायमा पुगेर कार्यक्रम गरेको हो ।

कार्यक्रममा माझी समुदायका नागरिकहरुले वर्षौंदेखि नागरिकता नपाएको, घर जग्गा भए पनि आफुहरुको नाममा नरहेको, माछा मार्ने र बोट चलाएर जिविकोपार्जन गर्दै आएको पेशा संकटमा परेको,बालविवाह चुनौतिको विषय बनेको, बाटोघाटोको समस्या रहेको बताएका थिए । उनीहरुले माझी समुदायका समस्याहरुलाई उजागर गरिदिन पत्रकार र सम्बन्धित निकायलाई आग्रह गरे । स्थानीय मोमबहादुर माझीले आफुहरुका समस्या समाधान गर्नका लागि पटक-पटक सम्बन्धित निकायलाई आग्रह गरे पनि सुनुवाई नभएको बताए । माया माझीले अहिलेसम्म पनि आफुले नागरिकता नपाएको गुनासो गरिन ।



उनले पटक-पटक नागरिकताका लागि प्रशासन धाए पनि पाउन नसकेको बताईन् । कमला माझीले नागरिकता भए पनि आफुले प्रयोग गर्दै आएको जग्गाको नामसारी हुन नसकेको गुनासो गरिन् । कार्यक्रममा दिलकुमारी माझी, भक्तबहादुर माझी लगायतले आफ्ना वर्षौदेखिका समस्या जस्ताको तस्तै भएकाले समाधनका लागि पहल गरिदिन पत्रकार, राजनीतिक दल र जनप्रतिनिधिसँग आग्रह गरे । कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले माझी समुदायबाट आएका गुनासा र समस्याहरुलाई अक्षरंश कार्यान्वयन गराउन काँग्रेसले पहल गर्ने बताए । उनले कुनै पनि नागरिकले नागरिकता पाउनुपर्ने नैसर्गिक अधिकार भएकाले त्यसबाट बञ्चित हुन नहुने भन्दै त्यसका लागि राज्यले ध्यान दिनुपर्ने उल्लेख गरे । प्रमुख अतिथि समेत रहेका श्रेष्ठले घर जग्गाको समस्या भूमिका आयोगमार्फत समधान गरिने बताए । सभापति श्रेष्ठले माझी समुदायबाट एसइईमा पास भएका एक जनालाई काँग्रेसको सिफारिसमा कक्षा १२ सम्म अध्ययनको लागि निशूल्क गर्ने व्यवस्था मिलाइदिने समेत प्रतिवद्धता व्यक्त गरे ।

नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले माझी समुदायका समस्या समाधानका लागि पत्रकारिताको माध्यमबाट पहल गर्ने बताए । उनले माझी समुदायमा वर्षौं अघि आएर रिपोर्टिङ गरेको भन्दै वस्तीमा खरका छाना परिवर्तन भए तर नागरिकका गुनासा अहिले पनि उस्तै रहेको उल्लेख गरे ।

**-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

## सम्पादकीय

# सरस्वती पूजाको धार्मिक र शास्त्रीय महत्व

सरस्वती पूजा अर्थात् श्रीपञ्चमी विद्याकी देवी सरस्वतीको पूजा आराधना गरी मनाइने महत्वपूर्ण दिन हो । यसलाई वसन्त पञ्चमी पनि भनिन्छ । विशेष गरी शैक्षिक क्षेत्रमा संलग्न भएकाहरूले श्रीपञ्चमी मनाउने गर्दछन् । हरेक वर्ष जस्तै आज पनि सरस्वतीको पूजाआजा गरिदैं छ । ज्ञान, वाणी, बुद्धि तथा विवेककी अधिष्ठात्री देवीको रुपमा पुजा तथा आरधना गर्ने शास्त्रीय नियम रहि आएको छ । विशेषगरी शुक्लपक्षको पञ्चमी तिथि, पूर्ण तिथि तथा गुप्त नवरात्रको समय चलिरहेकाले बिद्या तथा विभिन्न कला साधनाका लागि विशेष फलदायी र पूर्णरुपमा सफल हुने भएकाले आजको दिनलाई विशेष रुपमा व्यख्या गरिएको छ ।

पहिलो पटक विद्या आरम्भ गर्ने बालबालिकाले आजका दिनदेखि अक्षर शुभारम्भ गरेमा बिद्या पूर्ण हुने शास्त्रमा उल्लेख गरिएको छ । नाक,कान छेडेर मुन्द्रा, फूली लगाएमा अटल सौभाग्य रहिरहने र सरस्वतीको पूर्ण कृपा रहने शास्त्रमा व्याख्या गरिएको छ । बुद्ध परम्परामा पनि यस पर्वलाई विशेष महत्वका साथ मनाउने प्रचलन आजको दिन विद्या र सिर्जनाकी देवी भएकाले साहित्यकार, कलाकार, पत्रकार र विद्यार्थीले कलम, कापी, कुची र वाद्ययन्त्रलाई सरस्वतीका रूपमा पूजा गर्छन् भने तान्त्रिकहरू तन्त्र सिद्धिका लागि तारादेवीका रूपम आराधना गर्छन् । लेख्नेको मसी नसकियोस्, बोल्नेको आवाज दुरुस्त रहोस् अनि हेर्नेको नजर खुल्ला रहोस् । क देखि ज्ञ सम्मका वर्णमाला अनि शब्द विन्यासहरुले ज्ञान अभिब्यक्त गर्दा सदैव साथ दिउन, ए बि सि डि आदिका अक्षरस प्रयोग जारी रहोस्, ब्याकरणले साथ दियोस्, संगीतका सातै सुर अनि अभिनयका सम्पूर्ण रसहरुले साथ दिउन् भनि सरस्वती माताको सबैले जयजयकार गर्ने गर्दछन् । विशेषगरी, श्रीपञ्चमीको दिनलाई विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा–आराधना गरेर मनाउने परम्परा रहँदै आएको हुनाले सरस्वती माताको पूजा–अर्चना गरे विद्या र बुद्धि बढ्ने आमविश्वास रहेको छ । यो पवित्र दिनमा लेखपढ गर्न सिकाए राम्रो विद्या, बुद्धि र ज्ञान आउने मान्यताका कारण विद्यालयमा नपठाइएका स–साना बालबालिकाहरुलाई यसैदिनमा अक्षरारम्भ गराउने प्रचलन रहिआएको छ, यसर्थ पनि सरस्वती पूजाको धार्मिक र शास्त्रीय महत्व बढ्दो छ ।

## Opinion @ Social Network

म हैसियत र औकात सोध्ने मान्छेलाई होइन
ब्यबहार र संस्कार सोध्ने मान्छेलाई इज्जत गर्छु ।
(*जीवन भण्डारीको फेसबुक स्टाटस* https://www.facebook.com/jeevan.bhandari.35)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विकासको हुटहुटीले पहाडी जीवनमा देखिएको हलचल



रामचन्द्र उप्रेती

*शहर नजिकका गाउँबस्तीमा तरकारी, फलफूल र पशुपालनको व्यवसाय लामो समय चलिरहन्छ । पहाडको विकास साविककै मोडलमा हुँदैन ।*

केही दिन पहिले कान्तिपुर टेलिभिजनको समाचारमा रामेछापमा ढिकीजाँतो लोप हुन लागेको छ भनेर चिन्ता व्यक्त गरेको समाचार प्राथमिकताका साथ प्रसारण गरियो । स्थानीय सरकारले यस्तो परम्परा जोगाउन प्रयास नगरेको भनेर त्यही समाचारमा आलोचना समेत गरियो । अहिले पहाडतिर पानी घट्ट मासिंदै गएकोमा चिन्ता छ । पहाडमा जग्गा बाँझो हुँदै गएकोमा चिन्ता छ, बस्ती पातलिंदै गएकोमा चिन्ता छ । पहाडमा जनसङ्ख्या घटेकोमा चिन्ता छ, विद्यालयमा विद्यार्थी घटेकोमा चिन्ता छ । पहाडमा युवा बस्न नमानेकोमा चिन्ता छ, पहाडमा बस्न योग्य घर खाली हुँदै गएकोमा चिन्ता छ । चिन्ता थरी-थरीका छन् । हामी यस्तो चिन्ता गर्नेहरूमध्ये धेरै जना (लगभग सबै) पहाड छोडेर मधेश र मधेश हुँदै काठमाडौं पुगेर उतै बसेका छौं । मधेशको विरासत भएकाहरूले यस्तो चिन्ता गरेको होइन । पहाड छाड्नेहरूमध्ये धेरैले या त आफ्नै पालामा छाडेको हो या त अघिल्लो पुस्तामा छाडेको हो । म आफैं दश वर्षको हुँदा परिवारसँगै पहाड छोडेर मधेश झरेको हुँ । म हाल पूर्वी तराईमा बस्छु । मसँगैका धेरै मानिस काठमाडौं बसाइँ सरेका छन् । मेरो परिवार पहाडबाट झरेर पहिला मोरङको दक्षिणी भेगमा बसेको थियो । त्यहाँ केही वर्ष बसेपछि हाम्रो परिवार अझै सुविधाको खोजीमा भर्खर बनिसकेको पूर्व-पश्चिम राजमार्गको नजिकमा बसाइँ सर्‍यौं । म र मेरो परिवार ४८ वर्षदेखि झापाको मेचीनगरमा बस्छौं ।

नेपालीले पहाड छाडेर बसाइँ सर्न थालेको इतिहास पुरानै हो । २०२० साल पहिले तराईमा औलोको डरले पहाडका मानिस कामको खोजीमा तराईमा आउन डराउने हुनाले भारतको आसाममा जाने चलन थियो । भुटान, सिक्किम, आसाम र बर्मासम्म पुग्ने गरेको अवस्था थियो । योभन्दा बाहिरका देशमा जाने अवस्था नै थिएन । बाहिरी दुनियाँसँग सर्वसाधारणको पहुँच नै थिएन । अमेरिकाको सहयोगमा २०२०-३० मा तराईमा औलो उन्मूलन भएपछि पहाडबाट मानिसको बसाइँसराइ तराईमा तीव्र बन्न पुग्यो । तराईमा बसाइँ सरेका परिवारको जीवन पहाडमा भन्दा राम्रो भएकाले उनीहरू पहाड फर्किएनन् । तराईमा पनि पहिला सस्तो खेतीको जग्गा खोज्नेहरू क्रमश: बाटो, स्कूल, अस्पताल, सञ्चार, बजार आदिको सुविधाका लागि आकर्षित हुन थालेपछि दुर्गमबाट सुगम स्थानको खोजी गर्दै बसाइँ सर्न थाले । अलि सुविधा पुगेको ठाउँमा सहज भएपछि मानिसको बसाइँसराइ कम भयो । ती ठाउँमा क्रमश: शहर बन्न थाले । मेरो आफ्नै परिवारको कुरा गर्दा मेरा आमाबाबुको पुस्ता पहिलो पटक २००७ सालको राजनीतिक परिवर्तनमा ज्यान जोगाउन भागेर पूर्वी पहाडबाट पूर्वी तराई झरेका थिए । त्यहाँ औलोको प्रकोपको कारण बस्न सक्ने अवस्था थिएन । त्यो समयको करिब एक वर्षको बसाइँमा तीन ठाउँमा बसाइँ सरेको सुनेको छु ।

पहाडमा केही साम्य भएपछि परिवारका केही सदस्य गुमाएर हाम्रो परिवार फेरि पहाड फर्कियो । हाम्रो परिवारको बाबु पुस्ता २०१८/२० सालदेखि नै पहाड-मधेश आउजाउ गर्न थाल्यो । २०२६ सालमा सपरिवार बसाइँ सरेर तराई झरेको मेरो पुस्ता २०३३ सालसम्म सुगम ठाउँ र सुविधायुक्त जीवनको खोजीमा पटक-पटक बसाइँ सरेको छ । नयाँ ठाउँमा बसाइँ सरेसँगै बस्नका लागि छाप्रो (घर) बनाउनै पर्‍यो । २०३३ सालपछि झण्डै पचास वर्षको यो अवधि हामी आजको मेचीनगरको काँकडभिट्टामा नै छौं । हामी दाजुभाइमध्ये एकभाइ बिर्तामोडमा र एकभाइको परिवार काठमाडौंमा छौं । सहज, सुविधायुक्त जीवन र अवसरको खोजीमा बसाइँ सर्ने, हिंड्ने यो परम्परा निरन्तर चलिरहेको छ । मेरो बाबु पुस्ताले पहाड नछोडेको भए मैले छोड्थें । मैले नछोडेको भए मेरो छोराछोरी पुस्ताले छोड्थे । त्यसैले मेरो बुबा पुस्ताले पहाड छोडेकोमा मलाई कुनै पछुतो छैन । त्यति मात्रै होइन तराई झरेपछि पनि सस्तो खेतीको जग्गा छाडेर राजमार्गको नजिक आएकोमा खुसी छु । मैले र मेरो परिवारले खोजेका सुविधा पाएकाले म लगभग पाँच दशकदेखि मेचीनगरमा छु । तर मेरा सन्तति यहीं बस्छन् भन्ने छैन । केही त देशबाहिर नै पुगिसके । अब मैले पहाड रित्तिंदै गएकोमा चिन्ता गर्नु सान्दर्भिक हुन्छ कि हुँदैन ? म त एउटा प्रतिनिधि पात्र मात्र हुँ । म जस्ता धेरैको अवस्था यही हो । अब एकछिन चिन्ता भएको विषयमा पसेर हेरौं । पहाडमा ढिकीजाँतो, ओखल, तेल पेल्ने कोल, पेचा, डोको, नाम्लो लोप हुँदै गए, घट्ट मासिए भन्ने विषयमा सोचौं त ! यी साधन लोप भएर त्यहाँको जीवनमा कष्ट थपियो कि सुविधा थपियो ? त्यहाँ बाटो र बिजुली पुग्यो । पुराना साधनको ठाउँ नयाँ साधनले लियो । पहिले हप्ताभरी, दिनभरी लगाएर र कडा श्रम गरेर हुने काम अब केही घण्टामै हुन थाल्यो । त्यसैले ढिकीजाँतो, ओखल, कोल, घट्ट, ढाकर, तोक्मा नचाहिने भयो । यी साधनको अभावमा त्यहाँको जीवनमा कष्ट थपियो भने यी साधनको जगेर्ना गर्नुपर्छ । लोप हुन दिनुहुँदैन तर योभन्दा राम्रा साधनमा मानिसको पहुँच पुग्यो र नयाँ साधनले जीवन सहज बनाएको हो भने किन चिन्ता लिनु पर्‍यो ? यस्ता साधनलाई सङ्ग्रहालयमा सुरक्षित गरेर नयाँ पुस्तालाई जानकारी मात्रै गराए पुग्छ । खेती बाँझियो, घर खाली भए, विद्यालयमा विद्यार्थी भएनन् भन्ने सन्दर्भमा सोचौं त ! के पहाडका भीरपाखाको खेती बाँझिएर त्यहाँ अनिकाल वा भोकमरीको समस्या छ ? बस्न योग्य घर खाली भएकाले त्यहाँ बस्ने मानिस ओडारतिर बस्न बाध्य भएका हुन् र ? विद्यालयमा विद्यार्थी घटे भन्दा के त्यहाँका बालबालिका स्कुल जान छाडेका हुन् र ? जसको खेतबारी बाँझै छ तिनले त्यो खेतबारीमा बगाउने पसिना, गर्ने श्रम जति हो त्यति वा त्योभन्दा कम श्रम गरेर त्यहाँबाट उत्पादन हुनेभन्दा बढी अन्न, खाद्यान्न सहजै किन्न सक्ने अवस्था बनेकाले छाडेको हो । जसका बस्न योग्य घर खाली छन् तिनले त्योभन्दा सुविधायुक्त घरमा बसाइँ सरेकाले वा बस्ने अवस्था भएकाले ती घर खाली भएका हुन् । जसको खेत बाँझै भयो, जसको घर खाली भयो गाउँमा तिनको भन्दा कम पहुँच भएका मानिसले त्यहाँ बस्न र खनजोत गर्न पाएका छन् । जब गाउँमा सबैको हैसियत र पहुँचमा विस्तार हुँदै गयो तब खेतबारी बाँझिन थाले, बस्न योग्य घर खाली हुन थाले । विद्यालयमा विद्यार्थी घटेको भन्ने कुरा छ त्यो स्वाभाविक हो । पहिला छोराछोरी स्कुल पठाउने चलन नै थिएन । विकासले गाउँमा स्कुल पुग्यो, चेतनाले छोराछोरी विद्यालय पठाउने अवस्था बन्यो । तर स्कुल पुग्न साना-साना नानीहरूलाई एकघण्टा भन्दा बढी उकालो-ओरालो हिंडेर आउजाउ गर्नुपर्ने अवस्था धेरै ठाउँमा छ । अनि अभिभावकको अवस्थामा अलिकति सुधार आउँदा उनीहरूले अलि राम्रा र सुगम स्थानमा लगेर छोराछोरी पढाउन थालेका छन् । यो विकासले ल्याएको परिवर्तन हो । विद्यालय जाने उमेरका नानीबाबुहरू स्कूल नगएर पहाडका स्कूलमा विद्यार्थी घटेको होइन । पहाडमा युवा छैनन्, बस्नै मान्दैनन् भन्ने सन्दर्भमा युवाले भोगेको अवस्था जुन छ त्योभन्दा राम्रो अवसरका लागि पहाडका गाउँ छाडेका हुन् । कोही देशमा छन् कोही विदेशमा । उनीहरूको कमाइ गाउँकोभन्दा बढेको छ । जीवनस्तर उकासिएको छ । शिक्षा, स्वास्थ्य, सञ्चार, आवास, खाद्यान्न आदिमा पहुँच बढेको छ । अब पहाडको विकासको मोडल फेरिनुपर्छ । पुरानो अवस्था फेरिंदै गएको छ र यो फेरिंदै गएको अवस्थाले त्यहाँ जीवन भोगेकाहरूको भन्दा राम्रो जीवन भोग्ने अवसर पाएकाहरूले नै पहाड छोडेका छन् । मेरो पुस्ता (६० वर्ष माथिको) का कति मानिस पहाडमा छन् ? जसको जीवनले आर्जेको, भोगेको, सिर्जना गरेको धेरै कुरा पहाडमा थियो र छ । त्यो पुस्तालाई आफ्नो आर्जन र थातथलोको माया छ । त्यहींको धेरथोर आर्जनले छोराछोरीको शिक्षा र भविष्य कोरियो । चिनेजानेका छिमेकी र आफन्तहरू केही छन् । उनीहरू सहजै ठाउँ छाड्न त मान्दैनन् तर पनि यो मेरो पुस्ताका सरदर ३०/३५ प्रतिशत मानिस पहाडमा होलान् । तिनका सन्तान जो आधुनिक शिक्षा शहरमा बसेर लिन पाए, प्रविधिमा धेरथोर पहुँच राख्न पाए । विदेशको सम्भावना देखे त्यो पुस्ता (२०-४०) उमेरका सरदरमा दश-पन्द्र प्रतिशत होलान् । अर्को बीस-तीस वर्षमा यो पुस्ता बुढ्यौलीमा पुग्छ र नयाँ पुस्ता आउँछ । जुन पुस्ता फर्केर पहाडमा जाने सम्भावना कति प्रतिशतको होला ? यो अनुमान गर्दा पहाड खाली हुनु स्वाभाविक लाग्छ । अब पहाडको विकास कसरी गर्ने त्यो सोचौं । पहाडको विकास साविककै मोडलमा हुँदैन । निर्वाहका लागि पहाडमा खाद्यान्नको खेती गर्न सहज छैन । त्यसैले पहाडमा सम्भावना भएको स्थानमा बजारको विकास भइरहेको छ र हुन सक्छ । त्यो शहरलाई चाहिने उपभोग्य समान जता सस्तो पाइन्छ त्यतैबाट किनेर आपूर्ति गर्ने हो । शहर नजिकका गाउँबस्तीमा तरकारी, फलफूल र पशुपालनको व्यवसाय लामो समय चलिरहन्छ । पहाडमा उच्चमूल्यका कृषि उपज जडीबुटी, अलैंची, चिया, काठ, कफी, जुनार, सुन्तला, किवी, ओखर लगायत फलफूल, मौरीपालन आदि गर्न सकिन्छ । त्यसैगरी हाइड्रो पर्यटक, साहसिक पर्यटकको सम्भावना विकास गर्न सकिन्छ । धार्मिक पर्यटनको सम्भावना छँदैछ । पहाडमा फैलँदै गरेको जङ्गल, झाडी र त्यहाँ हुने जङ्गली जनावर, चरा आदिको अवलोकन गर्ने, गराउने गरिका पूर्वाधार विकास गरेर पर्यटक आकर्षण गर्न सकिन्छ । नजिकबाट देखिने हिमाल, पहाड, झरना, खोला पर्यटक लोभ्याउने विषय हुन्छन् । यस्तै सुरक्षित पदमार्ग निर्माण गर्न सकिन्छ । यी र यस्ता विषयले फेरि पहाडले पुनर्जीवन प्राप्त गर्न सक्छ । तर मोडल फरक हुन्छ । पहिला जस्तो छरिएको गाउँबस्ती, पातला घर, निर्वाहका लागि खेती होइन । अब ठाउँ-ठाउँमा शहर, बजार र यस्ता स्थानमा सहज यातायात, सञ्चार, होटल, स्कूल, अस्पताल, बिजुली आदि । अर्थात् दिगो र भरपर्दो पूर्वाधार सहितको शहरीकरणको विकास अबको पहाडको विकासको मोडल हुनुपर्छ । अबको ४०/५० वर्षमा पहाडको कुन-कुन शहरलाई बेस बनाएर कति दिन घुम्ने, छुट्टी मनाउने भनेर देश र विदेशमा भएका नेपाली एवम् विदेशीले कार्यक्रम बनाउने वातावरण बनाउँ पहाडको विकासमा नयाँ आयाम आउने छ । पहाडको कठिन श्रम, खाद्यान्नको न्यून उत्पादन, अभावको जीवन, सुविधा र पूर्वाधारको अभाव आदि कारणले पहाडमा जीवन पातलिंदै गएको हो । यसलाई विकासको स्वाभाविक आयाम मानौं, चिन्ता होइन ।

***–अनलाइन खबरडटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अरुको कुरा सुन्न उपयुक्त रहनेछ। घरको सजावटमा धन खर्च हुनेछ। | **तुला** : सकारात्मक रहने प्रयास गर्नुहोला। विचारहरूमा परिवर्तन आउनेछ। |
| **वृष** : चनात्मक कार्यमा चासो लाग्नेछ। शुभचिन्तकहरूबाट प्रशंसा पाइएला | **वृश्चिक** : धोखा मिल्नेछ । सम्पर्क क्षेत्र बढ्नाले दिगो फाइदा हुनेछ। |
| **मिथुन** : आर्थिक कारोबार अनुकूल र हनेछ। योजनाहरू समय अनुसार पूरा हुनेछन्। | **धनु** :मानसिक चञ्चलपनले पेशागत हानी हुनेछ, तर आफन्तले साथ भने दिनेछन् । |
| **कर्कट** : नन्दको समय बित्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **मकर** : शुभारम्भको चर्चा चल्नेछ । ब्यापार व्यवसायबाट आम्दानी हुनेछ । |
| **सिंह** : लेनदेनबाट छुट्कारा मिल्नेछ। नोकर वा पेशामा सरुवा हुने भय रहनेछ। | **कुम्भ** : गरिएको यात्राबाट लाभ मिल्नेछ। परिवारको सुख समृद्धिमा वृद्धि हुनेछ। |
| **कन्या** : मनमुटाव सुल्झिनेछ।अवसर बाट पूरा लाभ लिने प्रयास गर्नुहोस्। | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। धर्म र आस्था बढ्नेछ । |

# शिक्षा

## विद्यार्थी संघले 'नेपाल टेक्नो फेस्ट २०२५' आयोजना गर्ने

अनेरास्ववियु प्राविधिक विद्यार्थी संघ नेपाल (टीएसएएन) राष्ट्रिय कमिटीले 'नेपाल टेक्नो फेस्ट २०२५' को आयोजना गर्ने भएको छ । माघ ३० र फागुन १ गते गरी दुई दिनसम्म चल्ने फेस्टमा इन्जिनियरिङ, एग्रिकल्चर र फरेस्ट्री पढ्ने विद्यार्थीहरूसँग सम्बन्धित विविध कार्यक्रमहरू हुनेछन् । संघका अध्यक्ष इन्जिनियर विशाल आचार्यले मेलामा त्रिभुवन विश्वविद्यालयको इन्जिनियरिङ, कृषि र वन विज्ञान सम्बन्धीका विभिन्न कलेजका विद्यार्थीहरूको सहभागिता रहने बताए । विज्ञापन पोस्ट गर्नुहोस् सबै हेर्नुहोस् मेलामा विभिन्न विषयमा प्यानल डिसकसन हुनका साथै विभिन्न प्रोजेक्टमा प्रतियोगिता समेत हुनेछ ।

हरेक विधाको प्रतियोगितामा प्रथम हुनेलाई ५० हजार रुपैयाँका दरले पुरस्कार प्रदान गरिने अध्यक्ष आचार्यले बताए । मेलामा काठमाडौँ विश्वविद्यालय र पोखरा विश्वविद्यालयका विद्यार्थीहरूको समेत सहभागिता रहने उनको भनाइ छ । इन्जिनियरिङ अध्ययन संस्थान (आईओई) का डीनलगायतलाई समेत प्यानलिष्टका रूपमा आमन्त्रण गरिएको छ । प्राविधिक क्षेत्रका विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्नुका साथै नयाँ ज्ञान क्षमताको विकास गर्नका लागि मेलाको आयोजना गरिएको अध्यक्ष आचार्यले बताए । २०५३ सालमा स्थापना भएको यो संस्थामा हाल टेक्निकल क्षेत्रका दुई हजार ५०० भन्दा बढी विद्यार्थी आबद्ध छन् । नयाँ प्रविधि, नवप्रवर्तन तथा विद्यार्थीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ खोलिएको यो संस्थाले पहिलो पटक यस्तो खालको फेस्ट गर्न लागेको हो । मेलामा एआई र रोबोटिक प्रदर्शन, प्यानल डिसकसन, प्रविधि प्रदर्शन तथा सांगितिक कार्यक्रमको समेत आयोजना गरिएको छ । प्राविधिक विद्यार्थीका प्रविधिहरूलाई बजार तथा उद्योगधन्दासम्म पुर्याउन मदत मिल्ने आयोजकको अपेक्षा रहेको छ ।

*-रातोपाटी डटकम*

## नेपाल शिक्षक महासंघद्वारा एक महिने आन्दोलनको घोषणा

नेपाल शिक्षक महासंघले एक महिने आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । माघ १६ र १७ गते बसेको महासंघको तेस्रो पूर्ण राष्ट्रिय बैठकपछि पहिलो चरणको आन्दोलनको घोषणा गरिएको हो । बैठकपछि आयोजित पत्रकार सम्मेलनमार्फत आन्दोलनका कार्यक्रम अन्तर्गत माघ २० गते सबै शिक्षक कर्मचारीले फेसबुक वालमा आयतकार रातो स्टिकर प्रयोग गरी '२०८१ को हिउँदे अधिवेशनबाट विद्यालय शिक्षा ऐन जारी गरियोस्' लेख्ने भएका छन् । त्यस्तै माघ २५ गते दिउँसो १ बजे सबै पालिकामा ध्यानाकर्षण तथा जानकारी पत्र बुझाउने कार्यक्रम तय गरिएको छ । त्यस्तै माघ २५ गते नै स्थानीय स्तरमा आन्दोलन परिचालन समिति गठन गर्ने समेत तय भएको छ । माघ २९ गते हरेक विद्यालयमा विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिबिच अन्तरक्रिया कार्यक्रम गर्ने र शिक्षक-कर्मचारीका माग मुद्दा तथा आन्दोलनको आवश्यकता बारे सूचित गराउने घोषणा गरेको छ । माघ ३० गते बुधबारपालिका कार्यालयमा भेला भई 'हाम्रा माग सम्बोधन हुने गरी यो हिउँदे अधिवेशनबाट विद्यालय शिक्षा ऐन जारी गरियोस्' भन्ने नारा सहित हातमा कालो पट्टी बाँधी खबरदारी जुलुस प्रदर्शन गर्ने घोषण गरेको छ । त्यस्तै जिल्ला स्तरका कार्यक्रम अन्तर्गत माघ २६ गते हरेक जिल्लामा आन्दोलन परिचालन समिति गठन गरिनेछ । फागुन २ गते देशका ७७ वटै जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइमा ध्यानाकर्णण तथा जानकारी पत्र बुझाइनेछ । *-इडियु-पत्र डटकम*

*माघ २९ गते हरेक विद्यालयमा विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिबिच अन्तरक्रिया कार्यक्रम गर्ने र शिक्षक-कर्मचारीका माग मुद्दा तथा आन्दोलनको आवश्यकता बारे सूचित गराउने घोषणा गरेको छ ।*


### श्रेष्ता कायमको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८१/१०/२१**

उप्रान्त पाल्पा जिल्ला साविक चिदीपानी-७ हाल माथागढी -१ निवासी फोन बहादुर घर्तिले आफ्नो नाममा दर्ता कायम रहेको साविक रुप्से ३ कि.न. ३२३,३२४ जग्गाको ज.ध. पुर्जा हराएको, जग्गाको श्रेष्ता कायम नभएकोले श्रेष्ता कायम गरीपाँउ भनी यस कार्यालयमा निवेदन दिनुभएको । यसमा पाल्पा जिल्ला साविक रुप्से ३ कि. न. ३२३,३२४ जग्गाको जग्गाधनी प्रमाण पूर्जा हराएको हो वा होइन ? हाल सम्म उक्त कि.नं.को जग्गाको किन श्रेष्ता कायम नभएको हो ? उक्त जग्गामा हाल कसको हकभोग छ ? ज.ध फोन बहादुर घर्तिको हकभोग छ वा छैन ? अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.नं. को जग्गा निवेदकले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन् फोन बहादुर घर्ति र फन बहादुर घर्ति नाम गरेको व्यक्ति एउटै हुन् वा होइन ? ज.ध. फोन बहादुर घर्तिको नाउँमा उक्त कि.नं. को जग्गा श्रेष्ता कायम गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन ? उल्लेखित जग्गा ज.ध. फोन बहादुर घर्तिको नाउँमा श्रेष्ता कायम गरिदिन मिल्छ वा मिल्दैन ? निवेदन मागदावी बमोजिम गरिदिँदा कोही कसैलाई असर पर्ने भएमा वा श्रेष्ताकायम गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम ज.ध फोन बहादुर घर्तिका नाममा श्रेष्ता कायम भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।


## के कक्षाकोठामा सिसिटिभी राख्नु उपयुक्त छ ?

**डा. पेशल खनाल**

केही महिनाअघि राम्रा र ठूला सामुदायिक स्कुलको स्थलगत अध्ययनका क्रममा एउटा स्कुलमा पुग्दा प्रधानाध्यापक सिसिटिभी मार्फत सबै कक्षाकोठाका गतिविधि निगरानी गर्दै थिए । कुराको सिलसिलामा उनले सिसिटिभी प्रयोगले विद्यार्थी अनुशासित भएको, जिम्मेवार बनेको र शिक्षण प्रभावकारिता बढेको बताए । सरकारले केही वर्षयता सामुदायिक स्कुलमध्ये केही छानेर 'मोडल (नमूना) स्कुल' घोषणा गरेको छ । त्यस्ता स्कुलले अतिरिक्त बजेट र खास किसिमका कार्यक्रम पाउँछन् । हाल देशभमा ४२२ वटा मोडल स्कुल छन् । यसमा कमजोर स्कुलले मोडल स्कुलका अभ्यास अनुकरण गर्न सकून् र सबै स्कुल मोडल बन्न सकून् भन्ने उद्देश्य छ । संघीय सरकारकै सिको गरेर प्रादेशिक र स्थानीय सरकारले पनि मोडल स्कुल घोषणा गर्न थालेका छन् । यति बेला कमजोर अवस्थाका सामुदायिक स्कुल डार्बिनको 'सर्भाइभल अफ द फिटेस्ट' सिद्धान्तअनुसार मोडल स्कुलको सिको गर्दै विद्यार्थी संख्या बढाउन प्रयासरत छन् वा सरकारको 'मर्जर' नीतिअनुसार ठूला स्कुलमा मर्जर हुन (गाभिन) बाध्य छन् । यस विषयमा कोलम्बिया विश्व विद्यालयका सह प्राध्यापक डा. प्रेम फ्याकसँगको सहकार्यमा गरिएको विस्तृत अनुसन्धानको निष्कर्ष सिकागो विश्वविद्यालयको प्रतिष्ठित जर्नल 'कम्पेरेटिभ एजुकेसन रिभ्यु' मा प्रकाशोन्मुख छ । यो लेखमा मोडल स्कुलले 'सफल' उदाहरणका रूपमा प्रस्तुत गरेको 'सिसिटिभीमार्फत कक्षा शिक्षणको प्रभावकारिता वृद्धि हुन' तर्कसँग सम्बन्धित विषयमा चर्चा गरेको छु । अहिले विश्वभरि विद्यालय शिक्षा सुधारमा नवउदारवादी सिद्धान्तको बलियो प्रभाव छ । नवउदारवादले शिक्षालाई बजारको वस्तुसरह मान्छ, खुला अर्थतन्त्रमा शिक्षालाई किनबेच वा कारोबार हुने सूचीमा राख्छ । लामो शैक्षिक इतिहासमा विश्वभरि नै शिक्षा क्षेत्र आर्थिक कारोबार र नाफासँग जोडिएको थिएन । नवउदारवादको प्रभाव बढ्दै जाँदा सन् १९७० पछि राज्यको जिम्मामा रहेको शिक्षा खुला बजारमा गयो र नाफाको ध्येयले शिक्षण संस्था चल्न थाले ।

नेपालमा पनि विशेष गरी सन् १९९० पछि विद्यालय शिक्षामा निजी क्षेत्रको प्रवेश विस्तार भयो । विश्वबैंक र एसियाली विकास बैंक जस्ता नवउदारवादका प्रमुख संवाहकहरू शिक्षा सुधारमा सहयोग गर्ने भन्दै हाम्रो राजनीतिक मैदानमा प्रवेश गरे । फलस्वरूप नेपालमा सन् १९९० देखि दाताको प्राविधिक र आर्थिक सहयोगमा विद्यालय सुधारका प्रयासहरू भएका छन् र प्रयास जारी छ । सबैका लागि शिक्षा कार्य योजना (सन् २००४-२००९), विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र विकास योजना (सन् २०१६-२०२३) र विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२२-२०३२) यस्तै प्रयासमध्येका हुन् । मोडल स्कुलको अवधारणा विद्यालय शिक्षा विकास योजना (सन् २०१६-२०२३) को कार्यक्रममा आएको हो । मोडल स्कुलले निजी स्कुलको नक्कल गऱ्यो । निजी स्कुलतर्फ विद्यार्थीको प्रवाह रोक्न नक्कल गर्नुपरेको मोडल स्कुलका प्रधानाध्यापकहरूको तर्क हुने गरेको छ । अहिले ठूला र राम्रा मानिएका सामुदायिक स्कुलमा अंग्रेजी माध्यममा पढाइ हुन्छ। स्कुल ड्रेसमा टाई, बेल्ट र ट्र्याकसुट हुन्छ । स्कुल बस हुन्छ । अतिरिक्त कक्षा र कम्प्युटर ल्याब हुन्छ । यसनिम्ति अतिरिक्त शुल्क लगाइएको हुन्छ । सिसिटिभीको निगरानी पनि नक्कल अन्तर्गत नै पर्छ । यस्तो परिवर्तनले सामुदायिक स्कुल अब्बल बन्दै गएको भन्ने आमबुझाइ देखिन्छ । यस्ता सामुदायिक स्कुलले अन्य उत्कृष्ट र नमूना काममार्फत उल्लेखनीय उपलब्धि हासिल गरेको मानिएको छ । यसरी मोडल स्कुल अवधारणा उपलब्धिमूलक मानिए पनि यस्तो सुधारले शैक्षिक प्रक्रिया र गुणस्तरको सर्वमान्य सिद्धान्त र स्थापित मान्यतामाथि प्रश्न उठाउने ठाउँ दिएको छ । कक्षाकोठामा सिसिटिभीको प्रयोग र त्यसको माध्यमबाट भइरहेको सर्भेलियन्स (निगरानी) शिक्षणका स्थापित मान्यताको बर्खिलापमा छ । रोचक अन्तर्क्रिया प्रोत्साहित गर्छ । पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ क्षमता विकास गर्न विषयवस्तुको ज्ञान विद्यार्थीका सिकाइमा रूपान्तरण गर्नु सामान्य काम होइन । यो काम गर्न शिक्षकले केवल विषयवस्तुको प्राविधिक वा औपचारिक प्रसारण गरेर पुग्दैन । शिक्षकले एक कलाकारले झैं अनेक शिक्षण विधिबाट सिकाइ प्रक्रिया जीवन्त बनाउनुपर्छ । हरेक विद्यार्थी विशेष र पृथक हुन्छ । एउटै कक्षाकोठाका विद्यार्थीहरूको रूचि, क्षमता र भाषिक तथा सामाजिक-सांस्कृतिक विशेषता फरक हुन्छ । यसैअनुसार सिक्ने तरिका पनि फरक हुन्छ । शिक्षकले एउटा कक्षामा एउटै विषयवस्तु पढाउँदा पनि विद्यार्थीको विशेषता र क्षमता अनुसार भिन्नभिन्न तरिका अपनाउनुपर्छ जसबाट सिकाइ प्रभावकारी र समावेशी बन्न सकोस् । प्रत्येक विद्यार्थीले सिक्न सक्छ। यसका लागि शिक्षकले विद्यार्थीको विशिष्टता चिन्नुपर्छ । त्यस अनुसार शिक्षण प्रक्रियामा विविधता ल्याउनुपर्छ । आवश्यकता अनुसार शिक्षकले विद्यार्थीलाई अभिभावकसरह माया गर्नुपर्छ, मार्गदर्शन गराउनुपर्छ । कहिलेकाहीँ विद्यार्थीको समस्या सुन्नुपर्छ र समाधानका लागि साथीजस्तो भूमिका निर्वाह गर्नुपर्छ । हिन्दी चलचित्र 'तारे जमिन पर' मा शिक्षकको भूमिकामा रहेका आमिर खानले 'डिस्लेक्सिया' को समस्या भोलिरहेको विद्यार्थी इशानलाई वात्सल्यपूर्ण व्यवहारको नमूना प्रस्तुत गरेका छन् । सिकाइसम्बन्धी कठिनाइमा शिक्षकले आफ्नो भूमिका निर्वाह गर्नुपर्छ । सिसिटिभीमा सबै देखिने भएपछि विद्यार्थीसँग उपयुक्त संवेगात्मक व्यवहार गर्न शिक्षक हिच्किचाउँछ। अस्वाभाविक रूपमा उसको सतर्कता बढ्छ । सिकाइ प्रक्रिया औपचारिक र प्राविधिक बन्न जान्छ । विद्यालय समाजको प्रतिविम्ब हो । यहाँ हुने सिकाइ सामाजिक जीवनको तयारी हो। घरपरिवार र समाजमा स्वतन्त्र र प्राकृतिक रूपले बालबालिकाको अनेक सिकाइ भइरहेको हुन्छ । विद्यालयमा पनि सिकाइको वातावरण स्वतन्त्र हुनुपर्छ । सिकाइ अनौपचारिक र व्यावहारिक बढी, औपचारिक र सैद्धान्तिक कम हुनुपर्छ । सिकाइ प्रक्रियामा शिक्षक र विद्यार्थीको स्वतन्त्रता र मौलिकता केन्द्रमा हुनुपर्छ । विद्यालय परिसर र कक्षाकोठामा विद्यार्थीको अनुशासन कायम गर्न र सुरक्षा बढाउन सिसिटिभी जडान गर्नुपरेको भन्ने तर्क सुनिन्छ । एक मोडल स्कुलका प्रधानाध्यापकका अनुसार शिक्षकको व्यवहार निगरानी गर्न सिसिटिभी राखिएको होइन, कक्षा व्यवस्थित बनाउन तथा विद्यार्थीले गर्न सक्ने अवाञ्छित क्रियाकलाप रोक्न राखिएको हो । सिसिटिभी जडानपछि शिक्षक बढी जिम्मेवार बनेको र विद्यार्थीमा अनुशासन बढेको भन्ने आफ्नो अनुभव पनि उनले सुनाए । विद्यालयमा अनुशासन र सुरक्षाको कुरा निगरानी, नियन्त्रण र निर्देशनभन्दा बढी निरन्तर सिकाइसँग सम्बन्धित हुन्छ । यस्तो सिकाइ अनुभव र अनुभूतिको माध्यमबाट दिगोरूपमा हासिल हुन सक्छ । प्रसिद्ध अमेरिकी मनोवैज्ञानिक थर्नडाइकले 'अभ्यास, त्रुटि र अनुभूति' को शृंखलाबाट मात्रै दिगो सिकाइ हुन्छ र तदनुकूल व्यवहार परिवर्तन हुन्छ भनेका छन् । अर्तीउपदेश, पुरस्कार वा सजायको प्रभावले हुने सिकाइ क्षणिक हो । दिगो सिकाइ र व्यवहार निर्माणका लागि कहिलेकाहीँ तितो अनुभव र अनुभूति पनि आवश्यक हुन्छ । सिसिटिभीले कक्षा निगरानी हुँदा आफ्नो स्वतन्त्रता र शिक्षण विविधीकरणमा अंकुश लागेको अनुभव शिक्षकहरूको छ। यस सम्बन्धमा केही शिक्षकहरूको प्रतिनिधि भनाइ यहाँ राखिएको छ । शिक्षक एक - कक्षाकोठामा सिसिटिभी जडान भएपछि शिक्षण सिकाइमा मेरो मौलिकता घटेको छ । सिसिटिभीको निगरानीले मेरो हाउभाउ र बोलिचाली फेरिएको छ । म अनौठो देखिऊँला कि भन्ने लाग्न थालेको छ । शिक्षक दुई - स्कुलले अंग्रेजी माध्यममा पठनपाठन सुरू गरेपछि कक्षा कोठामा सिसिटिभी जडान गऱ्यो । विद्यार्थीलाई कक्षामा नेपाली बोल्न नदिने भनिएको छ । मेरो अंग्रेजी राम्रो छैन, नेपालीमै कुरा बुझाउँथें । सिसिटिभी जोडेपछि मलाई धक लाग्ने गरेको छ । शिक्षक तीन - विद्यालय प्रशासनले हामीलाई नचाहिँदो अविश्वास र शंका गरेको छ । कक्षाकोठामा शिक्षकको मौलिक शैली र अनौपचारिकता घटेको छ । औपचारिकता बढेको छ । उपर्युक्त प्रतिनिधि भनाइले सिसिटिभी निगरानीमा शिक्षकहरू असन्तुष्ट रहेको देखाउँछ । स्कुलमा सिसिटिभीमार्फत शिक्षक र विद्यार्थीका गतिविधि रेकर्ड गरिए पनि त्यसको संवेदनशीलता, उपयोग र सुरक्षासम्बन्धी स्पष्ट नीतिगत व्यवस्था छैन । स्कुलले सार्वजनिक स्थानमा सिसिटिभी जडान गर्न लागू हुने सरकारी मापदण्ड पालना गरेको पनि पाइएन । अध्ययनका क्रममा हामीले सिसिटिभी डाटा कति दिन सुरक्षित राखिन्छ, कसरी उपयोग गरिन्छ र कुनै रेकर्ड बाहिरिएर दुरूपयोग भए को जिम्मेवार हुन्छ भन्ने प्रश्न सोधेका थियौं । यसमा स्कुल प्रशासनबाट ठोस जबाफ आएन । उनका अनुसार शारीरिक यातना वा हिंसाको सार्वजनिक प्रदर्शनको साटो संरचित वा रूटिन दिनचर्या, निगरानी र नियन्त्रणको माध्यमले व्यक्तिको व्यवहार सुधार गर्ने उपाय प्रचलित हुनेछ । 'कुकुरदेखि सावधान' लेखिएको प्लेट यस्तै सर्भेलियन्स हो जसले घरमा कुकुर भए वा नभए पनि आगन्तुकलाई सतर्क गराइदिन्छ । फुकोले त्यस बेला नै भनेका थिए । स्कुल, कारखाना, अस्पताल, सैनिक संस्था वा अन्य सामाजिक निकायले निगरानी र नियन्त्रणका यस्ता विधिहरू उपयोग गर्दै आफ्नो उद्देश्य अनुकूल व्यक्तिको व्यवहार विकास गर्न कारागारी अनुशासन बढाउनेछन् । अहिलेका अध्ययनले पनि करिब ५० वर्षपहिले फुकोले अघि सारेको धारणा अनुरूपकै नतिजा देखाएका छन् । कक्षाकोठामा सिसिटिभी निगरानीबाट स्कुल प्रशासनले शिक्षक र विद्यार्थीलाई तोकिएअनुसार भाषा, गतिविधि र व्यवहारमा सीमित राख्ने प्रयास गरेका छन् । अध्ययनहरूको निष्कर्ष छ । स्कुलको बाह्य सुरक्षाका लागि सिसिटिभी उपयोगी भए पनि कक्षाकोठामा यसले शिक्षक र विद्यार्थीमा अनावश्यक भय, संशय र परिणामस्वरूप शिक्षण सिकाइ अत्यन्तै औपचारिक र यान्त्रिक भएको छ । सिकाइको विविधता, रोचकता र व्यावहारिकता कमजोर बनाएको छ । शिक्षक र विद्यार्थीको मौलिक सिकाइ प्रक्रियामा बाधा सिर्जना गरेको छ । यसर्थ नियन्त्रण र निगरानीबाट होइनह स्वतन्त्रता, रचनात्मकता, रोचकता र खुलापनबाट मात्रै प्रभावकारी सिकाइ प्रभावकारी हुन्छ भन्ने कुरा बुझ्न आवश्यक भएको छ ।

*-सेतोपाटी डटकम*

# लुम्बिनी प्रदेशमा आज सार्वजनिक बिदा




**पाल्पा,** माघ २०/लुम्बिनी प्रदेशमा आज (सोमबार) सार्वजनिक बिदा दिइएको छ । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आइतबार सूचना जारी गर्दै प्रदेश स्थापना दिवसको अवसरमा सार्वजनिक बिदा दिने जनाएको हो ।

मन्त्रालय वरिष्ठ अधिकृत गंगाधर पाण्डेयले जारी गरेको सूचनामा मन्त्रिपरिषद्को निर्णय अनुसार सोमबार बिदा दिएको उल्लेख गरिएको छ । २०८० /१२/२० गते बसेको मन्त्रिपरिषद्को बैंठकको निर्णय अनुसार विदा दिइएको जनाइएको हो । वि.सं.२०७४ माघ २१ गते लुम्बिनी प्रदेश सभाको पहिलो बैठक प्रदेशको अस्थायी राजधानी बुटवलमा बसेको थियो । सोही दिनको सम्झनामा प्रदेशमा स्थापना दिवस मनाउने तयारी थालिएको हो । प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका देउखुरीमा विभिन्न कार्यक्रम गरी दिवस मनाउने प्रदेश सरकारको तयारी छ । प्रदेश सभा सचिवालय परिसरमा मुल समारोहको आयोजना गरिदैछ । प्रदेश प्रमुखको बिशेष उपस्थितीमा मुल समारोह आयोजना गर्न थालिएको हो । बाजागाजा सहितको झाँकी प्रदर्शन, विभिन्न मन्त्रालयहरुका स्टलहरु समेत राखिने छन् । यसैगरी स्थापना दिवसलाई भव्य र उत्सवमय बनाउन माघ २०, २१ र २२ गते तीन दिन प्रदेश मन्त्रालय, सचिवालय, निर्देशनालय र प्रदेशस्थित सबै कार्यालयमा दिपावलीगरी मनाउने कार्यक्रम रहेको छ । लुम्बिनीले हरेक वर्ष माघ २१ लाई प्रदेशसभा स्थापना दिवस र फागुन ३ लाई सरकार स्थापना दिवसको रुपमा मनाउँदै आएको थियो । प्रदेश सरकारले दुई वटा दिवसलाई एकैदिन मनाउनेगरी माघ २१ लाई प्रदेश स्थापना दिवसको रुपमा मनाउने निर्णय गरेको थियो ।

सोही निर्णयको आधारमा माघ २१ लाई प्रदेश स्थापना दिवसको रुपमा मनाउन थालिएको हो ।

# 'पार्टीको विधान विपरित...

...उनले वर्तमान सरकारको आलोचना र समालोचना गर्ने क्रममा पार्टीले हालै जारी गरेको निर्देशनका विषयमा टिप्पणी गर्दै संसदीय समिति र संसदमा समेत सरकारको विरोध नगर्नु भन्ने पार्टी नेतृत्वले गरेको सर्कुलर लोकतन्त्रको मर्म र भावना विपरित भएको वताए । कार्यक्रममा नेपाली काँग्रेसका नेता देवराज चालिसेले आर्थिक रुपमा सफल नभएसम्म जनताको जीवनस्तर उकास्न नसकिने भन्दै चार धाममध्येको एकधाम रुरुक्षेत्रको विकासमा सरकारले ध्यान दिनु पर्ने बेला भएको बताए । नेपाली काँग्रेस लुम्बिनी प्रदेशका उपसभापति भुवनप्रसाद श्रेष्ठले काँग्रेसको इतिहासलाई कायम राख्न सक्यो भने नयाँ पुस्तामा काँग्रेस प्रतिको आकर्षण बढ्दै जाने धारणा व्यक्त गरे । कार्यक्रममा नेपाली काँग्रेस ओखलढुंगाकी पुर्वपार्टी सभापति गोमा केसी, संविधानसभा सदस्य तथा नेपाल महिला संघकी केन्द्रीय सदस्य रिता शाही, नेपाली काँग्रेस लुम्बिनी प्रदेश सदस्य मोती भण्डारी, नेपाली काँग्रेस गुल्मीका उपसभापति अनन्तराम पौड्याल, क्षेत्रीय सभापति पारिश्वर ढकाल, नेपाल दलित संघका केन्द्रीय सदस्य झविन्द्र विश्वकर्मा, काँग्रेस नेताहरु विष्णु बलाल, तुलसी पाण्डे, हरि दर्लामी,भगवती भण्डारी, श्री प्रसाद भलामी लगायतले आ -आफ्ना धारणा व्यक्त गरेका थिए । कार्यक्रममा पालिका समितिका सचिव शालिकराम ज्ञवालीले सांगठनिक प्रतिवेदन पेश गरेका थिए । वडा सभापतिहरु अमुल्य श्रेष्ठ,नारायण ज्ञवाली,चोलानाथ ज्ञवाली, यमवहादुर राना,लक्ष्मी ज्ञवाली, शिद्धीनाथ श्रेष्ठ, वेदवहादुर दर्लामी र प्रदेश समितिका सदस्य नारायण श्रेष्ठ समेतले प्रतिवेदन माथि सुझाव पेश गरे ।

रुरुक्षेत्र गाउँपालिका समितिका सभापति देविन्द्र मल्लको सभापतित्व, पालिका गाउँसेवा दलका अध्यक्ष सुमन बरालको स्वागत, पालिका उपसभापति दुर्गा ज्ञवालीको धन्यवाद र अर्का उपसभापति मधु ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो । बन्द सत्रले वडा ३ का लागि रिक्त रहेको सभापतिमा चोलानाथ ज्ञवाली र उपसभापतिमा यमबहादुर रानालाई सर्वसम्मत चयन गरेको छ ।


## हार्दिक बधाई तथा शुभकामना



महेशमान बज्राचार्य
उपाध्यक्ष



पुर्णबहादुर थापा
सदस्य

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) लुम्बिनी प्रदेशको चौथो अधिवेशनबाट प्याब्सन पाल्पाका निवर्तमान अध्यक्ष, शैक्षिक व्यक्तित्व **महेशमान बज्राचार्य** प्रदेश उपाध्यक्ष र निवर्तमान कोषाध्यक्ष एवं शैक्षिक व्यक्तित्व **पुर्णबहादुर थापा** प्रदेश सदस्य जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

गंगाबहादुर खत्री — सचिव
एवं
डाँसुराम पन्थ — अध्यक्ष

**निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) परिवार**
तानसेन, पाल्पा


खेलकुद समाचार

# महिला क्रिकेटमा नेपालको तेस्रो हार

**काठमाडौं,** माघ २०/ राजधानीमा जारी महिला टी-२० शृङ्खलामा नेपालले लगातार तेस्रो हार बेहोरेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा नेदरल्याण्ड्सविरुद्धको खेलमा नेपाल १५ रनले पराजित भएको हो । जितका लागि एक सय ४१ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर एक सय २५ रन मात्र बनाउन सक्यो । नेपालका लागि कप्तान इन्दु वर्माले सर्वाधिक ३० रन जोडिन् । उनले ३२ बल खेल्ने क्रममा एक छक्का प्रहार गरिन् । त्यस्तै सम्झना खड्काले २४ बलमा चार चौकाको सहयोगमा २३ रन बनाइन् भने पूजा महतोले १८, कविता जोशीले १४ तथा सीता रानामगरले अविजित १० रन बनाइन् । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेदरल्याण्ड्सले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय ४० रनको योगफल तयार गरेको थियो । नेदरल्याण्ड्सका लागि कप्तान बाबेट डि लिडेले सर्वाधिक ४१ रन जोडिन् । उनले ३८ बलमा चार चौका र एक छक्का प्रहार गरिन् । त्यस्तै हिटर सिगर्सले २६ तथा रोविन रिके र फेबी मोलकिनरले समान २१ रन बनाइन् । नेपालका लागि सिताले रानामगरले पाँच विकेट लिइन् । त्यस्तै मनिषा उपाध्यायले दुई तथा कविता जोशी र इन्दु वर्माले समान एक/एक विकेट लिइन् । प्रतियोगितामा नेपाल, नेदरल्याण्ड्स र थाइल्याण्डको सहभागिता छ । प्रतियोगितामा नेपालको यो लगातार तेस्रो हार हो । यसअघि नेपाल पहिलो खेलमा नेदरल्याण्ड्स र दोस्रो खेलमा थाइल्याण्डसँग पराजित भएको थियो । नेपालले यही माघ २२ गते थाइल्याण्डसँग खेल्नेछ । *-रासस*

अर्थ/कर्पोरेट समाचार

# लुम्बिनी प्रदेशका सहकारीको वर्गीकरण गरिँदै

**तुलसीपुर (दाङ),** माघ २०/लुम्बिनी प्रदेश सरकारले सहकारी संस्थाको वर्गीकरण गर्ने भएको छ । लुम्बिनी प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष टीकाराम पोखेलले विभिन्न पाँच भागमा सहकारी वर्गीकरण गर्न लागिएको जानकारी दिए । उनका अनुसार विभिन्न ५२ वटा सूचकका आधारमा सहकारी संस्थाको वर्गीकरण गरिने छ । 'राम्रा र नराम्रा सहकारीलाई एउटै वर्गमा राख्न मिल्दैन, सोहीअनुसार सहकारीलाई वर्गीकरण गर्न लागिएको हो', उनले भने ।

प्रल्सअनुगमन प्रणालीका १४, एमसीआइसम्बन्धी तीनवटा र सहकारी कानुनसँग सम्बन्धित सुशासनका ३५ गरी ५२ वटा सूचकका आधारमा वर्गीकरण गरिनेछ । सहकारीमा ऋण सुरक्षणको अवस्था, भाका नाघेको ऋणको अवस्था, वार्षिक साधारणसभा, लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण, सम्पत्ति शुद्धीकरण निवारण, कार्यविधि निर्माण, सेवा, बचत र सदस्यको अनुपात, पुँजीको अनुपातलगायत विषयलाई वर्गीकरणको आधार मानिने छ । वर्गीकरणका लागि सबै सहकारी संस्थालाई पत्राचार गरिएको छ । प्रदेशका १२ वटै जिल्लामा प्रदेश मातहतका ५० जना कर्मचारीलाई तालिम दिई परिचालनसमेत गरिएको छ ।

प्रदेशमा आठ सय ४८ वटा सहकारी संस्था छन् । पहिलो चरणमा प्रदेशस्तरीय सहकारीलाई वर्गीकरण गरिने छभने त्यसपछि प्रदेशभित्रका स्थानीयस्तरका सहकारीको वर्गीकरण गरिने उपाध्यक्ष पोखेलको भनाइ छ । हाल लुम्बिनीमा चार हजारभन्दा बढी सहकारी संस्था छन् ।

*-रासस*

# माझीका वर्षौंदेखिका...

...तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले आफुले पहिलेदेखि नै यहाँका नागरिकहरुको नागरिकता र जग्गा व्यवस्थापनका विषयमा पहल गर्दै आएको बताए । उनले आगामी दिनमा पनि यहाँका समस्याहरु समाधानमा नगर सरकार प्रतिवद्ध भएर लाग्ने बताए । नगर प्रमुख श्रेष्ठले भने 'हामीहरु जनताको सेवाका लागि आएका हौं, हजुरहरुले समस्या राख्न हिच्कीच्याउन हुँदैन, हामी समाधनका लागि तयार गर्छौं ।' कार्यक्रममा नेपाल प्रेस युनियन पाल्पाका संस्थापक सभापति एवं काँग्रेसका जिल्ला उपसभापति झपेन्द्र गहिरेले माझी समुदायका समस्या समाधनमा आफुहरु लाग्ने बताए । उनले काँग्रेस र नेपाल प्रेस युनियनको सिफारिसमा यस समुदायबाट एसईई दिएका विद्यार्थीहरु मध्येबाट एक जनालाई कक्षा १२ सम्म अध्ययनको लागि केन्द्रबाट व्यवस्था मिलाउने उल्लेख गरे । कार्यक्रममा नेपाल ट्रेड युनियनका जिल्ला सभापति निलकण्ठ देवकोटा, तानसेन -१३ का वडा अध्यक्ष टुक प्रसाद भट्टराई, नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्तिप्रसाद न्यौपाने, एकिकृत समाजवादीका वडा अध्यक्ष शेषकान्त भट्टराई, सामाजिक व्यक्तित्व रेवन्त बहादुर पाण्डे, सारदा माविका अध्यक्ष देवीप्रसाद भट्टराई लगायतले माझी समुदायका समस्याहरु समाधानमा सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्ने बताए ।

कार्यक्रम संयोजक तथा नेपाली काँग्रेसका वडा सभापति किशोर भट्टराईले माझी समुदायका समस्याहरुलाई मिडियामार्फत उजागर गरी सम्बन्धित निकायलाई घचघच्याउने उद्देश्यले कार्यक्रम गरिएको बताए । सोही अवसरमा युनियनले पत्रकार महासंघका निर्वाचित सम्पूर्ण पत्रकारहरुलाई सम्मान समेत गरेको थियो । युनियनकी अध्यक्ष मन गहिरेको अध्यक्षता, माझी समुदायका अगुवा मोम बहादुर माझीको स्वागत, युनियनका उपाध्यक्ष रामचन्द्र रायमाझीको धन्यवाद ज्ञापन र सहसचिव सन्तोष गहतराजको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## सामाजिक अपराध र हिंसा विरुद्ध एकजुट होऔं

- अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं,
- पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं,
- हिँसा र अपराधका घटनालाई रोक्न सामुदायिक सचेतना फैलाऔं,
- महिला र बालबालिकाको सुरक्षामा ध्यान दिऔं,
- सामाजिक अपराध र हिंसा विरुद्ध एकतावद्ध भएर आवाज उठाऔं,
- अपराध भएको वा हुनसक्ने आशङ्का लागेमा तुरुन्त प्रहरीलाई खबर गरौं,
- सामाजमा हुने विभेद, भेदभाव, अन्याय र अत्याचारको सबै मिलेर अन्त्य गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई